# सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०२

प्रदेश सभा सचिवालयले उत्पादन गर्ने "प्रदेश सभा सेरोफेरो" नामक कार्यक्रम टेलिभिजन तथा रेडियोबाट प्रसारण कार्यका लागि "लुम्बिनी प्रदेश सभाको टेलिभिजन तथा रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण कार्यविधि, २०८१" बमोजिम तोकिएको योग्यता पुगेका इच्छुक रेडियो तथा टेलिभिजनले उक्त निर्देशिकामा तोकिएको प्रक्रिया पूरा गरी कार्यक्रम प्रसारणका लागि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र देहाय बमोजिमको शर्तहरुको अधिनमा रही कार्यालय समय भित्रै प्रस्ताव प्रदेश सभा सचिवालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क.स. | कार्यक्रमको नाम | प्रशारण अवधि | प्रशारण सख्या | प्रति एकाई लागत अनुमान (भ्याट बाहेक) | | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश सभा सेरोफेरो | ३० मिनेट | १९ | टेलिभिजन | रेडियो | |
| | | | | ६५००.०० | ३०००.०० | |

निर्देशिकामा तोकिए बमोजिम योग्यता नपुगेका र सचिवालयको लागत अनुमान भन्दा बढी दर प्रस्ताव गर्ने संस्था छनोट प्रक्रियामा समावेश हुने छैनन । कार्यविधि र दरभाउपत्र सम्बन्धि कागजात र थप जानकारीको लागि प्रदेश सभा सचिवालयमा सम्पर्क गर्न वा सचिवालयको वेभसाईट https://assembly.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ।

## लुम्बिनी प्रदेश सभाको गतिविधि सम्बन्धी टेलिभिजन तथा रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण

१० **कार्यक्रम प्रसारणः** (१) प्रदेश सभा, प्रदेश सभाका विषयगत समिति, प्रदेश सभा सचिवालयका गतिविधि, प्रदेश सभाबाट पारित विधेयक र प्रस्तावको सूचना लुम्बिनी प्रदेश भित्रका जनता समक्ष पुऱ्याउन देहाय बमोजिम सञ्चार माध्यमको प्रयोग गरी कार्यक्रम प्रसारण गरिनेछः-

(क) बढीमा चार वटा टेलिभिजनबाट प्रसारण, (लुम्बिनी प्रदेशको ८२°५०' पूर्वी देशान्तर पूर्व, ८२°५०' पुर्वी देशान्तर देखि ८२°००' पूर्वी देशान्तर बिचको र ८२°००' पूर्वी देशान्तर देखि पश्चिम भेकबाट प्रसारण हुने एक-एक(केवल वा भू-उपग्रह माध्यम) वटा टेलिभिजन च्यानल तर एउटा टेलिभिजन जुनसुकै क्षेत्रबाट प्रसारण हुने भए पनि भू-उपग्रह माध्यम बाट प्रसारण गर्ने टेलिभिजन हुनु पर्नेछ ।

(ख) लुम्बिनी प्रदेशभित्र रहेका प्रत्येक जिल्लाबाट एक/एक वटा रेडियोबाट प्रसारण ।

(२) उपदफा (१) बमोजिमका प्रशारक संस्थासँग यस सचिवालयले प्रचलित कानून तथा यस कार्यविधिको अधिनमा रहि कार्यक्रम प्रसारणका लागि सम्झौता गर्नेछ ।

**११. प्रसारणका कार्यक्षेत्रगत शर्तः कार्यक्रम प्रसारण गर्ने प्रशारक संस्थाले देहायका कार्यगत शर्तहरु पालना गर्नुपर्नेछः**

(क) कम्तीमा लुम्बिनी प्रदेशभित्र प्रसारण पहुँच भएको टेलिभिजन हुनुपर्ने, तर जिल्लागत रुपमा छनोट हुने रेडियोको कम्तीमा सोहि जिल्लाभरमा प्रसारण पहुँच हुनुपर्ने ।

(ख) प्रसारणको लागि उपलब्ध गराइएको कार्यक्रममा संशोधन, हेरफेर र परिमार्जन गर्न पाइने छैन,

(ग) कार्यक्रम समय अवधिभर अन्य कुनै सूचना वा विज्ञापन आदि प्रसारण गर्न पाइने छैन,

(घ) प्रत्येक दिन कम्तिमा दुई पटक कार्यक्रमको प्रोमो प्रसारण गर्नुपर्ने र उक्त प्रोमोको समय कम्तिमा २० सेकेन्डको हुनुपर्ने,

(ङ) सम्झौता बमोजिमको प्रसारण समयमा अनिवार्य कार्यक्रम प्रसारण गर्नुपर्ने,

(च) प्रशारक संस्थाले कार्यक्रम प्रसारण हुने दिन वाहेकका दिनहरुमा प्रसारित कार्यक्रमलाई पुनःप्रसारण गर्न सक्ने,

तर पुनःप्रसारण वापत थप कुनै शुल्क उपलव्ध गराईने छैन,

(छ) प्रसारण गरेको कार्यक्रमको प्रति प्रशारक संस्थामा पनि सुरक्षित राख्नु पर्नेछ।

**१५.** **प्रस्तावसाथ संलग्न गर्नुपर्ने कागजातहरुः** (१) कार्यक्रम प्रशारक संस्थाले प्रस्ताव पेश गर्दा देहाय बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

(क) संस्थाको विधान वा नियमावली र प्रबन्धपत्र,

(ख) संस्था र कम्पनी दर्ता प्रमाणपत्र,

(ग) नविकरण गरेको प्रमाणपत्र,

(घ) अन्तिम आ.व.को कर चुक्ता प्रमाणपत्र,

(ङ) अन्तिम आ.व.मा रोयल्टी वुझाएको प्रमाणपत्र,

(च) पानमा दर्ता भएको प्रमाण पत्र/मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र

तर वार्षिक रु. पचास हजार भन्दा बढी प्रस्ताव गर्ने संस्था मुल्य अभिवृद्धि करमा अनिवार्य रुपमा दर्ता भएको,

(छ) अद्यावधिक प्रसारण अनुमतिपत्र।

(२) उपदफा (१) बमोजिमका कागजातहरू संलग्न नगरिएका प्रस्तावहरूलाई छनौट प्रकृयामा समावेश गराइने छैन ।

१६. **<u>प्राविधिक प्रस्ताव छनौटको आधारः</u>** प्राविधिक प्रस्ताव छनौटका आधार देहाय बमोजिम हुनेछः-

(क) टेलिभिजन र रेडियो कार्यक्रम उत्पादक र प्रशारक संस्थाको प्राविधिक क्षमता,

(ख) संस्थाको भौगोलिक अवस्थिति,

(ग) कार्यक्रम उत्पादन तथा प्रसारण गर्न प्राप्त गरेको अनुमति पत्र,

(घ) कार्यतालिका बमोजिम नियमित रुपमा कार्यक्रम सञ्चालन गरेको,

(ङ) इन्टरनेटका माध्यमबाट अनलाइन कार्यक्रम प्रसारणको ब्यवस्था भएको,

(च) रेडियोको हकमा दफा ५ को खण्ड (त) बमोजिमको शर्तमा रही कम्तिमा ५०० वाट क्षमता भएको,

तर पहिलो पटक कुनै जिल्लाबाट न्यूनतम ५०० वाट क्षमताको रेडियोको कुनै प्रस्ताव दर्ता हुन नआएमा दोश्रो पटक सात दिनको सूचना निकाली न्यूनतम १०० वाट क्षमताको रेडियोको प्रस्ताव छनोट गर्न सकिने छ ।

(छ) टेलिभिजनको हकमा दफा ५ को खण्ड (ण) बमोजिमको शर्तमा पुराहुनु पर्ने।

१७. **<u>आर्थिक प्रस्तावको छनौटको आधारः</u>** टेलिभिजन र रेडियो मार्फत कार्यक्रम प्रसारण गर्न प्रस्ताव गरेको न्यूनतम दररेटलाई छनोट गरिने छ ।

१८. **<u>प्रस्तावहरुको मूल्याङ्कन विधिः</u>** (१) प्रस्तावदाताले पेश गरेको आर्थिक र प्राविधिक प्रस्ताव मध्ये सर्वप्रथम प्राविधिक प्रस्तावको सिलबन्दी खाम मात्र खोली मूल्याङ्कन गरिने छ । प्राविधिक प्रस्तावमा अयोग्य भएका प्रस्तावदाताको आर्थिक प्रस्ताव खोलिने छैन ।

(२) प्राविधिक प्रस्तावमा योग्य भएका प्रस्तावको मूल्याङ्कन पछि सबै प्रस्तावदाताहरुलाई सचिवालयको वेबसाईटको माध्यमबाट जानकारी गराईने छ ।

(३) प्राविधिक प्रस्तावको मूल्याङ्कन सकिए पछि योग्य भएका प्रस्तावदाताहरुलाई आर्थिक प्रस्ताव खोल्ने समयको सूचना सचिवालयको वेबसाईटमा प्रकाशित गरिनेछ।

(४) प्राविधिक प्रस्तावको मूल्याङ्कन सकिएको तीन दिनभित्र प्रस्तावदातालाई जानकारी दिई आर्थिक प्रस्ताव खोलिने छ ।

(५)अन्तिम छनौट भएको प्रस्तावदाताको विवरण सचिवालयको वेबसाइटमा प्रकाशन गरिनेछ ।

१९. **सम्झौता गर्नुपर्ने:** कार्यक्रम प्रसारण गर्ने गरी अन्तिम छनौट भएका प्रस्तावदाताको विवरण सचिवालयको वेबसाइटमा प्रकाशन भएको सात दिनभित्र सचिवालयमा उपस्थित भई टेलिभिजन र रेडियो प्रशारक संस्थाले अनुसूची-३ बमोजिमको ढाँचामा र कार्यक्रम उत्पादन गर्ने जनशक्तिसँग गरिने सम्झौता सचिवालयले निर्धारण गरेको ढाँचा बमोजिम गर्नु पर्नेछ ।

२१. **कारवाही गर्न सकिने:** प्रशारक संस्थाले गलत विवरण पेश गरी भुक्तानी लिएमा, सम्झौतामा उल्लेखित शर्त पूरा नगरेमा र यस कार्यविधि तथा सम्झौता बमोजिम सचिवालयले दिएको निर्देशन पालन नगरेमा त्यस्तो संस्थासँग सम्झौता रद्द गरी प्रचलित कानून बमोजिम कारवाही गरिने छ ।

२२. **प्रचलित खरिद कानून लागु हुने:** यस कार्यविधिमा उल्लेख नभएको विषयमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसुची-१(क)

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

**इच्छुक टेलिभिजन संस्थाले कार्यक्रम प्रसारणका लागि आर्थिक प्रस्ताव पेश गर्ने ढाँचा**

१. आर्थिक प्रस्ताव पेश गर्ने संस्थाको नामः

२. ठेगानाः

३. सञ्चालकको नाम थरः

४. दररेटको प्रस्तावः

| क.सं. | कार्यक्रम | पाक्षिक रूपमा प्रसारण हुने | समय | मुल्य रु | १३ प्रतिशत भ्याट | भ्याट सहितको मुल्य |
|---|---|---|---|---|---|---|
| १. | टेलिभिजन कार्यक्रम प्रसारण | प्रति एक कार्यक्रम | ३० मिनेट | | | |

हस्ताक्षर

सञ्चालक

नाम, थर

कार्यालयको छाप

**अनुसुची-१(ख)**

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

**इच्छुक टेलिभिजन संस्थाले कार्यक्रम प्रसारणका लागि प्राविधिक प्रस्ताव गर्ने ढाँचा**

१. प्रस्ताव पेश गर्ने संस्थाको नामः

२. ठेगानाः

३. टेलिभिजन फ्रिक्वेन्सीः

४. टेलिभिजनको किसिमः भू-उपग्रहका माध्यमबाट प्रसारण गर्ने हो वा अन्य कुन माध्यमबाट हो खुलाउनु पर्नेः

५. सञ्चालकको नाम, थरः

६. स्थापना मितिः

७. सम्पर्क नं.:

८. संस्था वा कम्पनी दर्ता नं.:

९. मुल्य अभिवृद्धि कर दर्ता नं.:

१०. संस्थाको भौगोलिक अवस्थितिः

११. कार्यक्रम उत्पादन तथा प्रसारण गर्न प्राप्त गरेको अनुमति पत्रः

१२. कार्यतालिका बमोजिम नियमित रुपमा कार्यक्रम सञ्चालन भएको वा नभएको: भएकोमा प्रमाण पेश गर्ने

१३. इन्टरनेटका माध्यमबाट अनलाइन कार्यक्रम प्रसारणको व्यवस्था भएको वा नभएको : भएकोमा प्रमाण पेश गर्ने

१४. टेलिभिजन प्रसारक संस्थाले देहाय बमोजिमको गुणस्तरको कार्यक्रम प्रसारण गर्ने क्षमता भएको वा नभएको: भएकोमा प्रमाण पेश गर्ने

१५. प्राविधिक प्रश्तावको तालिकाः

| **क्र.सं.** | **प्राविधिक विषय** | **कम्तिमा देहायको गुणस्तर प्रसारण गर्ने क्षमता** |
|---|---|---|
| १. | Resolution | Full HD (1920*1080) |
| २. | Frame Rate | 25i FPS |
| ३. | आवाजको गुणस्तर | 48000 Hz, Min 128 Kbps, Stereo System |
| ४. | दृश्य गुणस्तर | MP4 Formatमा वा सो भन्दा उच्च गुणस्तरमा |

१६. **आवश्यक कागजातः** दफा १५ बमोजिमका कागजातहरू,

प्रस्तावदाताले प्राविधिक प्रस्तावमा उल्लेख भएका कुराहरूको भएको प्रमाण पेश गर्नु पर्नेछ । उक्त पेश गरेका प्रमाण ठिक साँचो हो भनी लिखित घोषणा गरेको हुनु पर्नेछ ।

हस्ताक्षर

सञ्चालक

नाम, थरः

कार्यालयको छाप

**अनुसुची-२(क)**

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

**इच्छुक रेडियो प्रशारक संस्थाले कार्यक्रम प्रसारणका लागि आर्थिक प्रस्ताव पेश गर्ने ढाँचा**

१. आर्थिक प्रस्ताव पेश गर्ने संस्थाको नामः

२. ठेगानाः

३. सञ्चालकको नाम थरः

४. दररेटको प्रश्तावः

| **क्र.सं.** | **कार्यक्रम** | **पाक्षिक रूपमा प्रसारण हुने** | **समय** | **मुल्य रु** | **१३ प्रतिशत भ्याट** | **भ्याट सहितको मुल्य** |
|---|---|---|---|---|---|---|
| १. | रेडियो कार्यक्रम प्रसारण | प्रति कार्यक्रम | ३० मिनेट | | | |

हस्ताक्षर

सञ्चालक

नाम, थर

कार्यालयको छाप

## अनुसुची-२(ख)

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

### इच्छुक रेडियो प्रशारक संस्थाले कार्यक्रम प्रसारणका लागि प्राविधिक प्रस्ताव गर्ने ढाँचा

१. प्रस्ताव पेश गर्ने संस्थाको नामः

२. ठेगानाः

३. रेडियो फ्रिक्वेन्सीः

४. सञ्चालकको नाम, थरः

५. स्थापना मितिः

६. सम्पर्क नं.:

७. संस्था वा कम्पनी दर्ता नं.:

८. मुल्य अभिवृद्धि कर वा स्थायी लेखा (PAN)दर्ता नं.:

९. संस्थाको भौगोलिक अवस्थिति:

१०. कार्यक्रम प्रसारण गर्न प्राप्त गरेको अनुमति पत्र:

११. कार्यतालिका बमोजिम नियमित रुपमा कार्यक्रम सञ्चालन भएको वा नभएको: भएकोमा प्रमाण पेश गर्ने

१२. इन्टरनेटका माध्यमबाट अनलाइन कार्यक्रम प्रसारणको ब्यवस्था भएको वा नभएको :भएकोमा प्रमाण पेश गर्ने

१३. रेडियो प्रसारक संस्थाले देहाय बमोजिमको गुणस्तरको कार्यक्रम प्रसारण गर्ने क्षमता भएको वा नभएको :भएकोमा प्रमाण पेश गर्ने

१४. प्राविधिक प्रश्तावको तालिकाः

| **क्र.सं.** | **प्राविधिक विषय** | **कम्तिमा देहायको गुणस्तर प्रसारण गर्ने क्षमता** |
|---|---|---|
| १. | आवाजको गुणस्तर | Audio-128 Kbps, 44100 Hz, Stereo System र प्रष्टसँग सुन्न सकिने श्रव्य क्षमताको |

१५. **आवश्यक कागजातः** दफा १५ बमोजिमका कागजातहरू,

प्रस्तावदाताले प्राविधिक प्रस्तावमा उल्लेख भएका कुराहरूकोक भएको प्रमाण पेश गर्नु पर्नेछ । उक्त पेश गरेका प्रमाण ठिक साँचो हो भनी लिखित घोषणा गरेको हुनु पर्नेछ ।

हस्ताक्षर

सञ्चालक

नाम थर

कार्यालयको छाप